नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

गण्डकी प्रदेश म्याग्दी जिल्लाको अन्नपुर्ण गाउंपालीका वार्ड नं. ४ मा निलगिरि खोला-२ क्यास्केड जलविद्युत आयोजना (७१ मे.वा.) को निर्माणका लागि प्रस्तावित पूरक वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको

## सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/११.....

प्रस्तावक श्री निलगिरि खोला जलविद्युत कम्पनी लिमिटेडले गण्डकी प्रदेश म्याग्दी जिल्लाको अन्नपुर्ण गाउंपालीका वार्ड नं. ४ मा निलगिरि खोला-२ क्यास्केड जलविद्युत आयोजना (७१ मे.वा.) को निर्माण गर्ने प्रस्ताव गरेको छ । प्रस्तावकले मिती २०७४/०६/१७ मा ६२ मे.वा. को लागी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्विकृत गराएको देखिन्छ र प्रस्तावकले ६२ मे.वा. वाट क्षमता विस्तार गरी ७१ मे.वा.कायम गरेको छ ।यसरी क्षमता वृद्धि गर्दा हेडवर्क्सको अवस्थिती, परियोजनाको भौगोलीक अवस्थिती, इन्टेकको अवस्थिती, औसत तथा मासिक पानीको प्रवाह तथा कुल वार्षिक उर्जा उत्पादन क्षमता लगायतका विषयहरुमा परिवर्तन आएको कारण पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपरेको हो । प्रस्तावित पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार डिजाईन डिस्चार्ज १०.६२ घनमिटर प्रतिसेकेण्ड, ग्रस तथा नेट हेड क्रमशः ८०१.५० र ७८७.२० मिटर, ईन्टेक ३ मिटर × २.२५ मिटर पहुँच मार्ग १७ किलोमिटर लामो रहने प्रस्ताव गरिएको छ भने आयोजनाले कुल १४.५ हेक्टर (१०.८ हेकटर स्थायी र ३.७० हेक्टर अस्थायी ) भू-उपयोगमा परिवर्तन ल्याउनेछ।आयोजनाको प्रभावित क्षेत्र म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालीका वार्ड नं. ४ हो ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ बमोजिम यो प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन आफुले पढ्न वा उतार गरि लैजान पाउने ब्यवस्था रहेको र वातावरण संरक्षण नियमावली, २०५४ (पाचौं संशोधन) को नियम ११(२क) बमोजिम सर्वसाधारण ब्यक्ति वा संस्थाको राय सुझाव संकलन गर्ने सिलसिलामा वन तथा वातावरण मन्त्रालयको विद्युतीय सूचनापाटी www.mofe.gov.np र निम्न स्थानहरुमा समेत सार्वजनिक गरिएको छ । यो प्रतिवेदनमा उपयूक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयवाट उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय सुझावलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सुचना यस दैनिकमा पहिलो पटक प्रकाशन भएको मितिले प्रन्ध (१५) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिन हुन यसै सुचना द्वारा आव्हान गरिन्छ । उक्त प्रतिवेदनहरु आफैले उतार गरी लैजान सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**प्रतिवेदन हेर्न वा उतार गर्न सकिने स्थानहरु :-**

श्री वातावरण मन्त्रालयको पुस्ताकालय, सिहदरवार, काठमाण्डौ,
श्री त्रिभुवन विश्वविद्यालयको केन्द्रिय पुस्तकालय, किर्तिपुर काठमाण्डौ,
श्री नेपाल राष्ट्रिय पुस्तकालय हरिहर भवन काठमाण्डौ
श्री ऊर्जा,जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिहदरवार, काठमाण्डौ,
श्री पुस्तकालय, संघीय संसद सचिवालय,सिहदरवार, काठमाण्डौ,
श्री आदीवासी जनजाती महासघं नेपाल एकान्तकुना, ललितपुर,
श्री जिल्ला समन्वय समितिको कार्यालय बेनी,म्याग्दी,
श्री गाउँ कार्यपालीका कार्यालय,अन्नपुर्ण, म्याग्दी ।

राय सुझाव पठाउने ठेगाना
वन तथा वातावरण मन्त्रालय,
वातावरण प्रभाव मुल्यांकन शाखा
सिहदरवार, काठमाण्डौ ।फोन नं. ०१-४२११५६७,४२११६३८,फ्याक्स नं.०१-४२११८६८